का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ४१
❑ २९ फागुन २०७६, बिहीबार
❑ 12 March 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# एक भए पूर्व पञ्च

**पार्टी एकता घोषणा कार्यक्रममा अध्यक्षत्रय राणा, लोहनी र थापाले हातमा गीता लिएर 'अब कहिल्यै पार्टी फुटाउँदैनौँ' भनी शपथ लिएका छन् । एकीकृत पार्टीले संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रलाई राजनीतिक कार्यक्रमका रूपमा अगाडि सार्ने भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी संयुक्त बीच एकता घोषणा भएको छ । बुधबार राष्ट्रिय सभागृहबाट दुई राप्रपा बीच एकता घोषणा भएको हो । एकीकृत पार्टीको नाम राप्रपा रहनेछ भने तीन जना कमल थापा, पशुपति शमशेर राणा र डा.प्रकाशचन्द्र लोहनी अध्यक्ष रहनेछन् । झण्डा साविकको राप्रपाकै हुनेछ भने निर्वाचन चिन्हबारे छलफल गर्दै लैजाने सहमति भएको छ । एकीकृत राप्रपाले संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रको कार्यक्रम अगाडि बढाउनेछ ।

पार्टी एकता घोषणा कार्यक्रममा अध्यक्ष पशुपति शम्शेर जबराले देशको आवश्यकताका कारण टुक्रिएर रहेको राप्रपा एक ढिक्का भएको बताएका छन् । जनताले कम्युनिष्ट र काँग्रेसको विकल्प खोजेकाले अध्यक्ष राणाले दुवै पार्टीले गर्न नसकेका काम राप्रपाले गरेर देखाउने बताए । “राप्रपा एक हुनुपर्छ भन्ने आग्रह, सुझाव र माग थियो”, उनले भने, “जनताको माग सम्बोधन गर्न हामी एक हुन बाध्य भयौँ ।” पार्टी एक भएर मात्र नपुग्ने र यसका लागि जनताको भावनालाई समेटेर अघि बढ्नुपर्ने उनको भनाइ थियो । “चानचुने उद्देश्यले एक भएका होइनौँ, मुलुकमा ठूलो फेरबदल ल्याउन एकता गरेका हौँ”, उनले भने।

अर्का अध्यक्ष डा प्रकाशचन्द्र लोहनीले कार्यकर्ताको प्रेरणाका कारण पार्टी एकता भएको बताए । “संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र हाम्रो मूल मन्त्र हो । पाँच हजार वर्ष पुरानो सभ्यता रहेकाले त्यसको जगेर्ना गर्नुपर्छ”, लोहनीले भने । विश्वभरिका हिन्दूको आस्थाको केन्द्र नेपाललाई बनाउनसके मुलुक आर्थिकरूपमा बलियो हुने उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलको भूमिका निर्वाह गर्न नसकेकामा उनले काँग्रेसको आलोचना गरे ।



अध्यक्ष कमल थापाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र काँग्रेसपछिको तेस्रो शक्तिका रूपमा राप्रपाको एकीकरण भएको उल्लेख गरे । “एकताबाट देशले बलियो राष्ट्रवादी र प्रजातन्त्रवादी शक्ति प्राप्त गरेको छ, जनताले विकल्प खोजेकाले एक हुनुपर्‍यो” उनले भने । विसं २००७ यता वामपन्थी र काँग्रेस हावी हुँदै आएको र अब उक्त स्थान राप्रपाले लिने उनको भनाइ थियो । कार्यकर्ताको व्यापक दबाबपछि अध्यक्षत्रय राणा, लोहनी र थापाले हातमा गीता लिएर ‘अब कहिल्यै पार्टी फुटाउँदैनौँ’ भनेर शपथ लिए । पार्टी एकता घोषणासभामा पूर्वप्रधानमन्त्री एवं राप्रपा नेता लोकेन्द्रबहादुर चन्दले आफ्नो वर्षौंदेखिको चाहना पार्टी एकता भएको भन्दै खुशी व्यक्त गरे । मुलुकको अवस्था सन्तोषजनक नभएको उनको भनाइ थियो । मुलुक बलियो बनाउने उद्देश्यका साथ पार्टी हाँक्न उनले नेतृत्व पङ्क्तिलाई सुझाव समेत दिए । काँगेसको भूमिका नदेखिएकाले जनताले त्यसको विकल्पमा राप्रपालाई हेरेको आफूले पाएको पूर्वप्रधानमन्त्री चन्दको भनाइ थियो । कार्यक्रममा नेता दीपक बोहरा, राजेन्द्र लिङ्देन, विक्रम पाण्डे, रीना गुरुङ लगायतले सम्बोधन गरे । राप्रपा एकता घोषणासभामा पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका छोरा एवं राप्रपा संयुक्तका नेता सुनीलबहादुर थापाको भने उपस्थिति थिएन ।

> “चानचुने उद्देश्यले एक भएका होइनौँ, मुलुकमा ठूलो फेरबदल ल्याउन एकता गरेका हौँ ।”
> **-पशुपति शमशेर राणा**

> “संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र हाम्रो मूल मन्त्र हो । पाँच हजार वर्ष पुरानो सभ्यता रहेकाले त्यसको जगेर्ना गर्नुपर्छ ।”
> **-डा.प्रकाशचन्द्र लोहनी**

> “एकताबाट देशले बलियो राष्ट्रवादी र प्रजातन्त्रवादी शक्ति प्राप्त गरेको छ, जनताले विकल्प खोजेकाले एक हुनुपर्‍यो ।”
> **-कमल थापा**

## सरकारलाई निर्देशन
# क्वारेन्टाइनको व्यवस्था गर्नू

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन



सर्वदलीय बैठकले सरकारलाई संक्रमित देशबाट आउने नेपाली नागरिकलाई क्वारेन्टाइनमा राख्न सुझाव दिएको छ । बुधबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सर्वदलीय बैठक बोलाइएको थियो । बैठकमा सर्वदलीय प्रतिनिधिहरुले संक्रमित देशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्न सुझाव दिएका छन् । कोरोनाबारे थप सतर्कता अपनाउन समेत सरकारलाई सल्लाह दिएको नेपाली काँग्रेसका केन्द्रीय सदस्य गगन थापाले बताए ।

उपप्रधानमन्त्री ईश्वर पोखरेलले बोलाएको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेता झलनाथ खनाल र बरिष्ठ नेता माधवकुमार नेपाल, काँग्रेस नेताहरु गगन थापा, बालकृष्ण खाँड र समाजवादी पार्टीका राजेन्द्र श्रेष्ठ सहभागी थिए । उनीहरुले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बीच समन्वयमा काम गर्नुपर्ने सुझाव समेत दिएका छन् ।

तीन महिनामा विश्वका झण्डै सय देशमा फैलिएको कोरोना भाइरसबाट चार हजारको हाराहारीमा मृत्यु भइसकेको छ भने संक्रमितको संख्या लाख नाघेको छ । चीनबाट फैलिएको कोरोना मध्य पूर्व, यूरोप हुँदै अमेरिका पुगिसकेको छ । चीनमा संक्रमणको दर रोक्न जनयुद्धकै घोषणा गरिएको छ भने अमेरिकामा पनि कोरोनाको संक्रमण देखिसकेको छ । यूरोपका देशहरुमा कोरोना डरलाग्दो गरी फैलिएको छ । विशेषगरी इटाली लगायत देशमा कोरोनाको प्रकोप तीव्र बनेको छ । बाँकी पृष्ठ २ मा

# बाँस्कोटा घर नजिकै बम बिस्फोट

**काठमाडौं/मस-** पूर्व सूचना, प्रविधि तथा सञ्चार मन्त्री गोकुलप्रसाद बाँस्कोटाको भक्तपुरको बालकोटस्थित घर नजिकै बम बिस्फोट भएको छ । बुधबार बिहान पूर्व मन्त्री बाँस्कोटो घर नजिकै बम बिस्फोट भएको हो । बिस्फोटको जिम्मेवारी सरकारद्वारा गतिविधिमा प्रतिबन्ध लगाएका नेत्रबिक्रम चन्द समूहले लिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रेसर कुकर बम प्रहारको घटनाको निन्दा गरेका छन् । अध्यक्ष दाहालले विज्ञप्ति जारी गरी मध्यपुर नगरपालिका वडा नं १ लोकन्थली भक्तपुरस्थित निजी निवासमा आतङ्ककारी समूहले प्रेसर कुकर बम प्रहार गरेर क्षति पुर्‍याएको उल्लेख गरे । “म हाम्रो पार्टीको तर्फबाट उक्त आपराधिक घटनाको घोर निन्दा एवं भर्त्सना गर्दछु, घटनामा संलग्न अपराधीलाई नियन्त्रणमा लिन र कडा कानूनी कारवाही गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछु”, विज्ञप्तिमा भनिएको छ ।

सेक्युरिटी प्रेस खरीद प्रक्रियामा ७० करोड कमिशनको बार्गेनिङ गरेको अडियो सार्वजनिक भएको थियो । उक्त अडियो सार्वजनिक भएपछि बाँस्कोटाले पदबाट राजीनामा दिएका थिए । सञ्चार सहित सहरी विकास मन्त्रालयको समेत जिम्मेवारीमा रहेका बाँस्कोटाले स्वीस कम्पनीका नेपाली एजेन्टसँग ७० करोड कमिशन लिनेगरी अडियो बार्गेनिङ गरेको अभियो सार्वजनिक भएको थियो । तिनै बाँस्कोटाको घरमा चन्द समूहले बिस्फोट गराएको हुन् । प्रहरीले घटनामा संलग्न भएको आशंका एक जनालाई पक्राउ समेत गरेको छ ।

नेपाल आयल निगम लि. को
खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी अति आवश्यक सूचना

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

(Knob)

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो
उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी

# रामाटेक्सको नाममा करोडौं ठगी
## न्याय माग्दै पीडित विभागको शरणमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

मुखमा माक्स, दाहिने कुममा झोला च्यापेर न्यायको खोजीमा बुधबार दिनभर वैदेशिक रोजगार विभागको बुद्धनगर कार्यालयवाहिरको सडकपेटीमा ओहोरदोहोर गरेकी मकवानपुरकी शर्मिला तामाङ साँझपख निराश हुँदै घर फर्किइन् । तामाङमात्रै होइन, उनीजस्ता करिब ७ दर्जन युवायुवती पनि उस्तै मलिन अनुहार लिएर घर फर्किए ।

मलेसियाको विश्वप्रशिद्ध रामाटेक्स टेक्सटाइल एडीएन बीएचडीनामक कम्पनीमा पठाइदिने भन्दै गत असारमा एजेन्टलाई ५० हजारका दरले रकम बुझाएका पीडितहरू न्याय नपाएपछि सामूहिक रूपमा बुधबार विभागको शरणमा पुगेका हुन् ।

तर उनीहरू आकर्षक तलबसहितको रोजगारीमा पठाउने वचन दिएर रकम असुल्ने ‘एजेन्ट’ लाई भने चिन्दैनन् । तामाङले भनिन्, ‘काम राम्रो छ, कमाइ धेरै हुन्छ भन्ने चर्चा भएपछि साथीहरूको लहैलहैमा लागेर ५० हजार पठाएकी हुँ । तर काम भएन ।

**वैदेशिक रोजगार विशेष**

मलेसियाको जोहरवारु वातु पहातमा रहेको विश्वप्रशिद्ध कम्पनी रामाटेक्स कम्पनी सिलाइ-कटाइमा रूचि राख्ने कामदारका लागि आकर्षक कम्पनी मानिन्छ । ४३ वर्ष लामो इतिहास बोकेको उक्त कम्पनीमा सन् २००३ तिरबाट नेपाली कामदार जान थालेका हुन् । उक्त कम्पनीमा काम गर्ने कामदारले ६० हजारदेखि एक लाखसम्म कमाउने गरेका थिए ।

विश्व प्रसिद्ध ब्राण्ड ‘नाइक’का लागि कपडा आपूर्ति गर्ने उक्त कम्पनी राम्रोसँग चल्दा नेपाली कामदारले ओभरटाइममा समेत काम गर्ने गरेका थिए । राम्रो तलब र ओभरटाइमको अवसरले रमाटेक्ट तत्कालीन अवस्थामा विशेष गरी तराईमूलका सिलाइकटाइ जान्ने कामदार र एजेन्टको मुखमुखमा कण्ठस्थ थियो भने म्यानपावर कम्पनीहरूबीच डिमाण्ड ल्याउने चर्को प्रतिष्पर्धा हुन्थ्यो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वउपाध्यक्ष मदन महतको हिमालयन जब एक्स्प्लोए प्रालिले नेपालमा पहिलोपटक उक्त कम्पनीको डिमाण्ड ल्याएको थियो । त्यसपछि रामाटेक्स नेपाली कामदार र म्यानपावर कम्पनीबीचमा परिचित भएको थियो ।

हिमालयन जबपछि, नेपालका युनाइटेड एचआर प्रालि, वाइडस्पेस इन्टरनेशनल प्रालि, संयोग ओभरसिज प्रालि, क्याररााभान इम्प्लाईमेन्ट प्रालि, सिद्धबाबा ओभरसिज प्रालि, सुवास ह्युमन रिसोर्स प्रालि, लालधनूष इन्टरनेशनल प्रालि र पोताला ओभरसिज प्रालिलगायत करिब एक दर्जन म्यानपावर कम्पनीले पनि विभिन्न समयमा उक्त कम्पनीमा हजारौं कामदार पठाए ।

तर विगत एक वर्षयता उक्त कम्पनीले नेपाली कामदार लिन छोडेको छ । तैपनि हाल उक्त कम्पनीमा १५ हजारको हाराहारीमा नेपाली कामदार कार्यरत छन् । अन्य सयौं नेपालीले उक्त कम्पनीमा आफ्नो भिसा कहिले आउँछ भनेर निरन्तर मेल पठाउने गरेका छन् । कतिपयले चिनजान नै नभएका ‘एजेन्ट’ समाउने गरेका छन् । कम्पनीको वेभसाइटमा नेपालीलाई प्रतिबन्ध लगाएको म्यासेज पनि रहेको छ । तर आकर्षक कमाइको छाप परेका नेपाली त्यसलाई पत्याउने पक्षमा छैनन् ।

नेपाल सरकार र मलेसिया सरकारबीच गत वर्ष कात्तिकमा भएको द्विपक्षीय श्रम सम्झदारीपछि उक्त कम्पनीले नेपाली कामदार लैजान छोडेको हो । समझदारीमा वैदेशिक रोजगारीमा मलेसिया जाने नेपाली कामदारको करार अवधि दुई वर्ष हुने व्यवस्था भएपछि उक्त कम्पनी नेपालबाट कामदार लैजाँदा लागत बढ्ने निष्कर्षमा नेपाली लैजान बन्द नै गरेको हाल मलेसियामा रहेका सुवास ह्युमन रिसोर्सेस प्रालिका सञ्चालक सुवास गिरीले मध्यान्हलाई बताए । वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । उक्त कम्पनीले हाल श्रीलंकाबाट ठूलो सख्यामा कामदार आपूर्ति गरिरहेको छ । यस्तै, संयोग ओभरसिज प्रालिका सञ्चालक पुष्प चौलागाईले अहिलेकै अवस्थामा नेपालमा रामाटेक्स कम्पनीको माग आउनु असम्भव रहेको र कुनै प्रक्रियाले अब माग आएमा पनि शून्य लागतमा नै आउने भएकाले रामाटेक्सका नाममा रकम उठाउनु गलत हुने बताए ।

नेपाल र मलेसियाबीच श्रम सम्झौतामा करार अवधि दुईवर्ष गरिएपछि नेपाली कामदारको रोजगारी खोसिने कतिपयको आकलन थियो । कतिपय व्यवसायीहरूले मलेसियाको श्रम स्वीकृति र करार अवधि पूर्ववत् ३ वर्ष नै कायम हुनुपर्ने तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण बाँकी पृष्ठ २ मा

# 'औषधि अभाव बजारका हल्ला मात्रै'




**काठमाडौं/रासस–** नेपालमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण आजको मितिसम्म छैन। चीनको उहान प्रान्तबाट आएका एक नेपालीमा देखिएको कोरोना निको भइसकेको छ। मुलुकको सीमा जोडिएको देशमा कोभिड-१९ फैलिएकाले विश्व स्वास्थ्य संगठनले जोखिम देशको सूचीमा नेपाललाई पनि राखेको छ। त्यसैले अहिले सरकारले सम्भावित जोखिम क्षेत्र पहिचान गरी रोकथामका उपाय अवलम्बन गर्दै निगरानी बढाइरहेको छ। विश्वमै यसको औषधि पत्ता लागेको छैन।

केही दिनअघि मात्रै केही स्थानीय तहबाटै विज्ञप्ति जारी गरेरै कोरोनाको औषधि भनेर अनावश्यक प्रचार भएको थियो। सामाजिक सञ्जाल र कतिपय अनलाइन मिडियामा खुर्सानी, लसुन, बेसार, अल्कोहलले कोरोना निको पार्छ भनेर अफवाह फैलाइरहेकाले सरकारले स्वास्थ्य मन्त्रालयबाट सार्वजनिक हुने सूचनालाई मात्रै आधिकारिक मान्न अनुरोध गर्दै आएको छ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले भने, 'रोग लागेर एकजना मर्छ भने गलत सूचनाले दुईजना मर्न सक्छ, गलत सूचनाले सामाजिक मनोविज्ञानमा पार्ने असर झन् कति ठूलो होला, यसतर्फ हामी सबै सचेत हुनुपर्छ।' सूचना नपाउँदा पनि समस्या हुन्छ भन्नेमा सरकार सतर्क रहेको उनले बताए।

शुरुमा उहानबाट आएका एक नेपालीमा संक्रमण देखिँदा पहिले नेपालका मिडियाबाट सार्वजनिक गरेर विश्व स्वास्थ्य संगठनलाई जानकारी गराएको दृष्टान्त प्रस्तुत गर्दै श्रेष्ठले सरकार सूचना प्रवाहमा कुनै हिचकिचाहट गर्दैन भन्ने कुरा उक्त घटनाले पुष्टि गर्ने बताए। 'हामी सूचना दिन कन्जुस्याइँ गर्दैनौं, तर सञ्चारमाध्यमले आधिकारिक सूचना मात्रै प्रयोग गर्नुपर्‍यो,' उनले थपे। कोरोनाको संक्रमण हुनसक्ने स्थान खेजीखोजी अनुसन्धान र परीक्षणको दायरामा ल्याउने काम जारी रहेको श्रेष्ठले बताए।

बुधबार मात्रै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विज्ञ र पत्रकारबीच आधिकारिक सूचना प्रवाह गर्ने विषयमा गम्भीर छलफल भएको थियो। उठेका जिज्ञासा मेटाउने क्रममा विभागका वरिष्ठ स्वास्थ्य प्रशासक डा हेमन्त ओझाले खुर्सानी, बेसार र लसुन खाएर निको हुन्छ भन्ने हल्लाको पछि नलाग्न र त्यसको प्रचारप्रसार नगर्न अनुरोध गरे। 'यी सबै बजारका हल्लाहरु हुन्, त्यसको पछाडि नलागौं, स्वास्थ्य मन्त्रालय र विश्वस्वास्थ्य संगठनको आधिकारिक जानकारीमा ध्यान दिऔं,' डा ओझाले भने।

उनले लसुन र बेसार खाँदा स्वास्थ्यलाई राम्रो नै हुने भए पनि कोरोनासँग त्यसको कुनै सम्बन्ध नरहेको प्रस्ट्याए। डा ओझाले विश्वमा भाइरस रोकथाम गर्ने औषधि नभएको र एन्टिबायोटिकले समेत नरोक्ने भाइरसलाई अल्कोहल छर्केर, पिएर सर्दैन भन्नु गलत हो भने।

उनले मास्कले मात्रै रोग निको हुन्छ भन्ने भ्रम फैलिएको भन्दै मास्क सर्वेसर्वा नभएको समेत बताए। 'बिरामी र उपचारमा संलग्न चिकित्सकले मास्क लगाउनुपर्छ, सामान्य मानिसले मास्क लगाइरहन जरुरी छैन, हावामा नफैलिने भएकाले निश्चित दूरी व्यवस्थापन गर्न सकियो भने रोगबाट जोगिन सकिन्छ,' उनले भने।

उनका अनुसार बिरामीले खोक्दा, हाच्छिउँ गर्दा वा उसले प्रयोग गरेको वस्तु प्रयोग गर्दा सर्ने जोखिम हुन्छ। त्यसमा सावधानी अपनाउने र मिचीमिची साबुनपानीले हात धुने, स्यानिटाइजेशन गर्दा रोगबाट बच्न सकिन्छ। माछामासु राम्ररी पकाएर खाने, पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने गर्दा रोगबाट बच्न सकिन्छ।

कोरोनाको मुख्य लक्ष्यण भनेको ज्वरो, सुक्खा खोकी र श्वासप्रश्वास समस्या हुनु हो। यो रोग दुई दिनको बच्चादेखि १०० वर्षको मानिसमा समेत देखिएको छ। अन्य रोगको संक्रमण भएका वृद्धवृद्धामा मृत्युदर बढी छ। अन्य रोगभन्दा संक्रमणदर बढी र मृत्युदर कम भएको रोग कोभिड-१९ हो। दश वर्षभन्दा तलकामा मृत्युदर नभएको जनाइएको छ। नेपालको जस्तै वातावरण भएको देशमा समेत देखिएकाले मुलुकमा पनि आउन सक्ने सम्भावना रहेकाले पहिले त आफैँ सावधानी अपनाउन जरुरी रहेको चिकित्सकले बताएका छन्।

स्वास्थ्य सेवा विभागले पहिलेभन्दा अहिले त्रिभुवन अन्तरर्ाष्ट्रिय विमानस्थललाई व्यवस्थित गरी निगरानी बढाएको र मुलुकका आन्तरिक विमानस्थलमा सहायता कक्ष 'हेल्थ डेस्क' स्थापना गरेर परीक्षण थालिसकिएको जनाएको छ। भारतमा समेत कोरोनाको संक्रमण देखिएकाले स्थलमार्गबाट रोगको संक्रमण भित्रिन सक्ने भन्दै सरकारले विभिन्न ४१ वटा नाकामा हेल्थ डेस्क स्थापना गरिरकेको छ।

सरकारले अब एकदुई दिनभित्रैमा कल सेन्टर स्थापना गर्न लागेको छ। देशभरिबाट आउने समस्यालाई तत्काल 'एक्सन' गर्न सक्ने गरी काम गर्न लागिएको छ। सरकारले अन्य देशमा फैलिएको सङ्क्रमण र त्यसको उपचार तथा रोकथाममा गरेको प्रयासका आधारमा नेपालमा आवश्यक तयारी गरिएको जनाएको छ। आवश्यक मात्रामा आइसोलेशन वार्ड स्थापना गरिएको छ। सातैवटा प्रदेश सरकार पनि उच्च सतर्कतामा रहेका छन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव दीपक सुवेदीले अहिलेसम्म नेपाल सुरक्षित रहेकाले त्यसरी नै सही सूचना जनमानसमा जानुपर्नेमा जोड दिए।

सन् २०१९ को डिसेम्बर ३१ मा चीनको उहान प्रान्तमा देखिएको कोभिड-१९ हालसम्म त्यहाँको ३४ प्रान्तमा फैलिसकेको छ। त्यसमध्ये ९४ प्रतिशत संक्रमण वुहानमा छ। अहिले चीनको संक्रमणदर न्यून भएको छ। कोरोना सन् २००२ बाट देखापरेको थियो। अहिलेको कोरोना सातौं प्रजातिको हो। सन् २००२ मा सार्स कोरोना पत्ता लागेको थियो। त्यो बेला बिरालोबाट मानिसमा सरेको थियो। सन् २०१२ मा मार्स कोरोना ऊँटबाट मानिसमा सरेको पत्ता लागेको थियो। सन् २०१८ मा निप्स कोरोना आयो। यो पटकको कोभिड-१९ चाहिँ जनावरबाट सरेको बताइए पनि कुन जनावरबाट हो भनेर पुष्टि भएको छैन।

चीनमा हालै १७ हजार १८५ बिरामीमा गरिएको एक अध्ययनमा ८२ प्रतिशत सामान्य लक्षण, १५ प्रतिशतमा कडा र तीन प्रतिशतमा मात्रै जटिल खालको कोरोना संक्रमण भएको पत्ता लागेको थियो। संक्रमणदर धेरै भए पनि जटिल संक्रमण भने न्यून हुने उक्त अध्ययनले पुष्टि गरेको छ। कोरोना भाइरस वातावरणमा लामो समय नबाँच्ने र पानीबाट पनि नआउने चिकित्सकले बताएका छन्।

विश्व स्वास्थ्य संगठनका अनुसार हालसम्म विश्वका ११३ देशमा एक लाख १८ हजारमा रोगको संक्रमण भएको छ। चार हजार २९० को मृत्यु भएको छ। बिरामीमध्ये ६६ हजारभन्दा बढी उपचारपछि घर फर्किसकेका छन्।

# बागलुङमा तामाखानीको सम्भाव्यता अध्ययन सुरु



**गलकोट/मस–** बागलुङको काठेखोला गाउँपालिका-७ रेशको धनिखोरियास्थित खानीदुलामा रहेको तामा खानीको सम्भाव्यता अध्ययन शुरु भएपछि स्थानीयवासी खुशी भएका छन्।

दुई चिनियाँ प्राविधिक टोलीले खानीको सम्भाव्यता अध्ययन शुरु गरेपछि यहाँका स्थानीयवासी हर्षित भएका हुन्। विगतमा स्थानीयवासीले खानीदुलामा तामा निकालेका पाँच वटा गहिरा प्वालसमेत भएकाले तामा खानीको सम्भाव्यता अध्ययन थालिएको काठेखोला गाउँपालिकाले जनाएको छ।

सो तामा खानीमा तामाको अवस्था र सम्भावनाका विषयमा दुई चिनियाँ प्राविधिक टोलीले खानीको सम्भाव्यता अध्ययन थालेको काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्ष प्रेम लामिछानेले जानकरी दिए। 'वडाभित्र रहेका स्रोत र साधनको पहिचान गर्ने कार्यक्रमअन्तर्गत तामा खानीको सम्भाव्यता थालेका हौं', लामिछानेले भने, 'खानीका तामाको अवस्थाका विषयमा ल्याब परीक्षणपछि मात्रै पत्ता लाग्नेछ।' खानीलाई उत्खनन गरेर आर्थिक उपार्जन गरी वडालाई समृद्ध बनाउने उद्देश्यले खानीको सम्भाव्यता अध्ययन शुरु गरेको वडा कार्यालयले जनाएको छ।

तामा खानीको सम्भाव्यता अध्ययन शुरु भएपछि स्थानीयवासी हर्षित भएको वडाध्यक्ष लामिछानेले बताए। उनका अनुसार वर्षौंदेखि ओझेलमा परेको खानीको उत्खननपछि यस क्षेत्रमा समृद्धिको ढोका खुल्नेछ।

जिल्लाको काठेखोला गाउँपालिकाको पहलमा खानीको सम्भाव्यता अध्ययनका लागि प्राविधिक टोली झिकाएर अध्ययन थालेको हो। चिनियाँ टोलीले जोम्बिङ इन्ड्रेस्टिलको प्राविधिक सहयोगमा बागलुङ नगरपालिका-९ तित्याङ अडडाँडा, बागलुङ नगरपालिका-११ रायडाँडा तथा काठेखोला गाउँपालिकाको रेशमामा फलाम तथा तामा खानीको सम्भाव्यता अध्ययन गरिरहेको छ। बागलुङ नगरपालिका-९ तित्याङस्थित अडडाँडामा तामा खानी उत्खननका लागि चिनियाँ प्राविधिक टोली आएर खानीको भित्रि तहमा तामाको अवस्थाको अध्ययन तथा खानी खन्ने काम गरिरहेको वडाध्यक्ष गणेश थापाले जानकारी दिए।


**UAE मा रोजगारको अवसर** | कम्पनी : KHIDMAH SOLE PROPRIETORSHIP LLC
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/२८ | चलानी नं: ६०१५३३१८ | LT. No.: 234767

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 300 | 300 | स. काममा दक्ष | 800 | २५,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा चैत ६ र ७ गते (19 & 20 March 2020) मा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भइजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic. No. 458/060/061

JOBTRACK Recruitment Pvt. Ltd.

धापासी-७, काठमाण्डौ, फोन : ४३८८५८५, ४३८५२०३, मो.: ९८४३८१०००६, ९८०३८८३७११ Gmail.: admjobtrack@gmail.com


## मदन भण्डारी मार्गको स्तरोन्नति शुरु

**हेटौंडा/मस–** हेटौंडा काठमाडौंको सबैभन्दा छोटो मार्ग मदन भण्डारी मार्गको स्तरोन्नति शुरु भएको छ। वाग्मती प्रदेश सरकारले हेटौंडा भीमफेदी कुलेखानी सडक फराकिलो पार्न शुरु गरेको हो। प्रदेश राजधानी हेटौंडामा सङ्घीय राजधानी काठमाडौं तथा आसपासबाट आउजाउ गर्न सहज र सुरक्षित होस् भन्नका लागि सडकको स्तरोन्नतिसँगै सडकलाई फराकिलो पार्न थालिएको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार सडक स्तरोन्नतिको काम एक वर्षभित्र सम्पन्न गर्ने गरी सम्झौता गरिएको छ। प्रदेश सरकारले विकासमध्येको महत्वपूर्ण विकासका रुपमा रहेको सडकको स्तरोन्नतिलाई प्राथमिकता दिने भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँल बताउँछन्।

प्रदेशका अन्य सडक पनि आवश्यकताअनुसार फराकिलो र चौडा तथा स्तरीय पारिने उनको भनाइ छ। हाललाई अतिआवश्यक भएकाले भीमफेदी कुलेखानीको करिब १५ किलोमिटर सडकको स्तरोन्नति हुने उनले जानकारी दिए। एकतर्फी सडकका रुपमा सञ्चालनमा रहेको यो सडक सुधारपछि धेरैको रोजाइमा पर्ने मन्त्री फुयाँल बताउँछन्।

सडक स्तरोन्नतिको काम सकिएपछि दुई घण्टामै काठमाडौं-हेटौंडा आउजाउ गर्न सकिने उनको भनाइ छ। सुरुङमार्ग नबनुन्जेलसम्म हेटौंडा-काठमाडौंका लागि सबैभन्दा सुरक्षित र व्यवस्थित मार्गका रुपमा यो मार्ग प्रयोग गर्न सकिने गरी र सुरुङको निर्माणपछि पनि स्थानीय तहमा आउजाउका लागि व्यवस्थित सडकका रुपमा रहने गरी स्तरोन्नति गरिने उनले बताए।

करिब रु ३३ करोड लगानी हुने यस कार्यक्रमअनुसार सडकको मोड सुधार गरेर नाला व्यवस्थापन गर्नाका साथै सडकलाई ६ मिटर चौडा पारेर स्तरीय कालोपत्र गरिने भौतिक पूर्वाधार विकास मन्त्रालयका इन्जिनीयर नवीन सिंहले जानकारी दिए।

## पूर्वमन्त्री शेर्माको निधन



**काठमाडौं/मस–** पूर्वस्थानीय विकासमन्त्री तथा नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य पूर्णकुमार शेर्माको बुधबार अपराह्न ४ बजे निधन भएको छ। काठमाडौंको निदान हस्पिटल पुल्चोकमा उपचारका क्रममा उनको निधन भएको हो।

दुवै मिर्गौलाले काम गर्न छाडेपछि लामो समयदेखि शेर्मा उपचाररत थिए। विसं २००० असोज १२ गते पाँचथरको मिक्लाजुङ गाउँपालिका-२ सराङडाँडामा जन्मिएका शेर्मा २०६६ सालमा स्थानीय विकासमन्त्री भएका थिए। उनले नेपाली कांग्रेस पाँचथरको दुईपटक सभापति भएर पार्टीको नेतृत्व गरेका थिए। विसं २०५७ मा भएको १०औं र २०६१ सालमा भएको ११औं अधिवेशनमा शेर्मा जिल्ला सभापतिमा निर्वाचित भएका थिए। यस्तै उनी पार्टीको तिनै महाधिवेशनबाट दुईपटक केन्द्रीय सदस्यमा निर्वाचितसमेत भइसकेका थिए।

शेर्मा २०२१ सालमा निगाले गाउँ पञ्चायतको प्रधानपञ्चसमेत भएका थिए। शेर्मा दुई श्रीमतीमध्ये कान्छी जनिमायाँ मगरको साथमा काठमाडौं बस्दै आएका थिए। उनका दुई छोरा र पाँच छोरी छन्।


नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७६/११/२९**

यस आयोजना कार्यालय अन्तर्गत चालु आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न खानेपानी आयोजनाहरुको डिप ट्युववेल ड्रिलिङ्ग (वोरिङ्ग) तथा जडान कार्य गराउन नेपाल सरकारबाट इजाजत प्राप्त ड्रिलिङ्ग कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी छुट्टा-छुट्टै शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र रु. ३०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट खरीद गर्न सकिने छ। बोलपत्र फारम खरीदको लागि निवेदन साथ बोलपत्र दाताको इजाजत दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ।
२. खरिद गरेको बोलपत्र फाराम भरी शिलबन्दी गरी खामको बाहिर कामको विवरण, बोलपत्र दाताको फर्मको नाम, ठेगाना खोली शिलबन्दी बोलपत्र विक्री गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिन अपरान्ह २:०० बजे यसै कार्यालयमा नियमानुसारको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्रदाताले बोलपत्र पुस्तिकाको सबै पानामा सहीछाप गरेको हुनुपर्नेछ। दर रेट महलको अंक र अक्षर दुवैमा दर लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ।
४. शिलबन्दी बोलपत्र साथ जमानत वापत तल उल्लेख भए अनुसारको रकम राष्ट्रिय बाणिज्य बैंक, भरतपुरमा रहेको धरौटी खाता नं.१३१०२०३०००००० ख-३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बोलपपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तीमा १२० दिन म्याद भएको विडबण्ड प्रत्येक कार्यको लागि अलग अलग संलग्न हुनुपर्नेछ।
५. शिलबन्दी बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा क्रमश: सो कार्यहरु गरिने छ।
६. म्याद भित्र दर्ता हुन नआएको तथा रीत नपुगेको र कुनै शर्त राखी पेश भएको बोलपत्र उपर कारवाही हुने छैन।
७. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।
८. नेपाल सरकारको हितलाई ध्यानमा राखी शिलबन्दी बोलपत्र पत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने वा सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
९. विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१०. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा प्रचलित सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

**तपसिल**

| बोलपत्र नं. | आयोजनाको नाम | जिल्ला | कामको विवरण | ल.ई.रकम (VAT बाहेक) | जमानत रकम |
|---|---|---|---|---|---|
| २१/०७६-७७ | पदमपुर खा.पा.आ. | चितवन | डिप ट्युबवेल बोरिङ्ग तथा जडान कार्य | ४९५२४९४.१२ | १४००००.०० |
| २२/०७५-७६ | शैराहा बछेउली खा.पा.आ. | चितवन | डिप ट्युबवेल बोरिङ्ग तथा जडान कार्य | २४८८७४७.०६ | ७१०००.०० |
| २३/०७५-७६ | पर्वतीपुर खा.पा.आ. | चितवन | डिप ट्युबवेल बोरिङ्ग तथा जडान कार्य | २४७६०६६.०९ | ७००००.०० |
| २४/०७५-७६ | शिवनगर खा.पा.आ. | चितवन | डिप ट्युबवेल बोरिङ्ग तथा जडान कार्य | २४८८७४७.०६ | ७१०००.०० |
| २५/०७५-७६ | पटिहानी खा.पा.आ. | चितवन | डिप ट्युबवेल बोरिङ्ग तथा जडान कार्य | २४७६०६६.०९ | ७००००.०० |

**आयोजना प्रमुख**


## सरकारलाई....

कोरोनाको संक्रमण देखिए पछि कतारले नेपाल सहित १४ मुलुकका नागरिकलाई प्रवेशमा रोक लगाउने निर्णय गरेको छ। कतार नेपालको एक प्रमुख श्रम गन्तव्य मुलुक हो। यसको सोझो असर नेपाललाई पर्नेछ। कतारले नेपालीलाई प्रवेशमा रोक लगाएको भन्दा पनि नेपालमा कोरोनाको संक्रमण रोक्नु चाहिँ बढी महत्व हुनेछ। किनभने, विकसित मुलुकहरुलाई समेत यो भाइरसबाट बच्न कठिन भइरहेका बेला नेपालमा कोरोना भाइरसको संक्रमण देखिए नियन्त्रण सजिलो हुने छैन। किनभने, विकासको तीव्र गति लिइरहेको चीन र यूरोपियन मुलुकहरुलाई समेत हम्मे-हम्मे बनाइरहेको र चार हजार बढी नागरिकको ज्यान लिइसकेको कोरोना भाइरसको संक्रमणबाट नेपालीलाई जोगाउन कठिन पर्नेछ।

नेपाल सरकारले पनि पहलकदमी भने लिइरहेकै देखिन्छ। सरकारको निर्देशन पछि यो वर्षको होली समेत बिनौ रौनक मनाइएको छ। सीमा नाकाहरुमा चेकजाँच थालिएको छिटफुट खबर आइरहेकै छ। प्रदेश सरकार र स्थानीय सरकारले विभिन्न निर्णय गरिरहेको खबर सार्वजनिक भइरहेको छ। ठुलो जमघटका कार्यक्रम रोक्न सरकारले निर्देशन जारी गरिसकेको छ। त्यसैअनुसार, दलहरुले आफ्नो सभासमारोह रोकेको छ भने खेलकुदका गतिविधि पनि स्थगित गरिएको छ। मास्क लगाउन, हात नमिलाउन, अत्यावश्यक बाहेकका काममा घरबाहिर ननिस्कन समेत सरकारले आग्रह गरिरहेको छ।

प्रतिनिधिसभा तथा प्रदेशसभामा कोरोना भाइरसबारे छलफल चलिरहेको छ। जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश भएको छ। तर, यति ठूलो संकटबाट बच्न सरकारले एकीकृत योजना भने लागू गर्न सकेको छैन। स्थानीय सरकारले आफुखुशी निर्णय लिइरहेका छन् भने कोरोना भाइरसलाई देखाएर कालोबजारी मौलाएको छ। अतः विश्वव्यापी संकट बन्दै गएको कोरोना भाइरसबाट मुलुकलाई जोगाउन सरकारले एकीकृत योजना र कार्यक्रम सार्वजनिक गर्न ढिलाई गर्न हुन्न।

## रामाटेक्सको...

विष्टसमक्ष अप्रत्यक्ष रूपमा भए पनि आफ्नो आवाज पुऱ्याएका थिए।

तर मन्त्री विष्टले मलेसियाले अन्य स्रोत मुलुकहरूसँग पनि एकै प्रावधानको श्रम सम्झौता गरेर एकै प्रकृतिबाट कामदार लिने भन्दै रोजगारीका लागि मलेसिया जाने कामदारको करार अवधि र श्रमस्वीकृति पनि दुईवर्षे नै कायम गर्ने अडान लिए। मलेसियाले नेपालसँग गरेको जस्तै सम्झौता अन्य देशहरूसँग पनि गर्ने भएकाले मलेसियाली कम्पनीलाई जुन देशबाट कामदार लगे पनि फरक नपर्ने बरु मलेसियामा नेपाली कामदारको राम्रो छवि रहेको कारणले उनीहरूले नेपाली कामदारलाई नै लैजाने तत्कालीन मन्त्री विष्टको विश्लेषण रामाटेक्सका हकमा मेल खाएन। र, यस्ता थुप्रै बहुराष्ट्रिय कम्पनीहरुबाट नेपाली कामदारको माग खोसिँदै गएको छ।


**भूल सुधार**

मिति २०७६/११/२४ गते मध्यान्ह दैनिकमा प्रकाशित कतार मा रोजगारको अवसर शिर्षक, कम्पनी: Tanzifco Company W.L.L. चलानी नं.: ६०१५३१३४ र LT.No.: 234705 को विज्ञापनमा अन्तर्वार्ता Center Point Hotel विर्तामोडमा चैत्र २ गते (15 March 2020) हुनुपर्नेमा Siddhi Hotel विर्तामोडमा चैत्र २ गते (15 March 2020) भएकोले भूल सुधार गरिएको छ।

Wahaa Manpowers Supplier Pvt. Ltd.
Govt Lic No. 469/060/061, Ratopul- 33 Kathmandu, Nepal., Tel: 4416998, 4423651

# प्रस्तावित राजदूत पाण्डेको संसदीय सुनुवाइ शुरू



**काठमाडौं/मस-** संघीय संसद् संसदीय सुनुवाइ समितिले जनवादी गणतन्त्र चीनका लागि प्रस्तावित राजदूत महेन्द्रबहादुर पाण्डेको संसदीय सुनुवाइ प्रक्रिया अघि बढाएको छ । समितिको आजको बैठकले प्रस्तावित राजदूत पाण्डेका बारेमा कुनै गुनासो वा उजुरी भएमा त्यस्ता सूचना र उजुरी संकलन गर्न १० दिनको सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरेको सभापति लक्ष्मणलाल कर्णले जानकारी दिए ।

मन्त्रिपरिषद्को यही फागुन १८ गतेको बैठकले उनलाई चीनका लागि आवासीय तथा प्रजातान्त्रिक जनगणतन्त्र कोरिया र मंगोलियाका लागि गैरआवासीय राजदूतमा नियुक्तिका लागि सिफारिश गरी संसदीय सुनुवाइका लागि समितिमा पठाएको थियो । नुवाकोट लिखु गाउँपालिका-१ निवासी प्रस्तावित राजदूत पाण्डे पूर्वपरराष्ट्रमन्त्री हुन् ।

नेपालको संविधानको धारा २९२ मा संवैधानिक परिषद्को सिफारिशमा राजदूत पदमा नियुक्ति हुनुअघि संघीय कानूनबमोजिम संसदीय सुनुवाइ हुनुपर्ने व्यवस्था छ । सुनुवाइ प्रक्रिया अघि बढाउने सन्दर्भमा बैठकले प्रस्तावित राजदूत पाण्डेको शैक्षिक योग्यता र अनुभवबारे अध्ययन गरेको थियो ।

सभापति कर्णले भने, 'हाम्रो प्रक्रियाअनुसार प्रस्तावित व्यक्तिको नाम आइसकेपछि उहाँका विषयमा सर्वसाधारणमा कुनै गुनासो रहेछ भने सूचना र उजुरी आह्वान गर्छौं, त्यसका लागि सरकारी सञ्चारमाध्यममा १० दिने सूचना प्रकाशित गर्ने निर्णय भएको छ ।' उजुरी आइसकेपछि आगामी दिनको बाँकी कार्यक्रम अघि बढ्छ ।

विसं २०५६ मा संसद् सदस्य बनेका पाण्डेसँग तत्कालीन नेकपा (एमाले) संसदीय दलका प्रमुख सचेतक भएर काम गरेको अनुभव छ । त्रिभुवन विश्वविद्यालयमा सन् १९७५ देखि १९९४ सम्म एशोसिएटेड प्रोफेसरका रूपमा काम गरेका प्रस्तावित पाण्डे हाल नेकपाको केन्द्रीय सदस्य हुन् । तत्कालीन नेकपाको पोलिटव्यूरो सदस्यका रुपमा काम गरेको अनुभव पनि उनीसँग छ ।

राजदूत लिलामणि पौड्याललाई फिर्ता बोलाएर सरकारले चीनमा माथिल्लो श्रेणीको राजदूत पठाउने क्रममा उनको नाम सिफारिश गरेको जनाएको छ । तत्कालीन मुख्यसचिव पौड्याललाई चीनमा राजदूत बनाउनुअघि सरकारले पाण्डेको नाम सिफारिश गरेकामा सरकारको फेरबदल भएसँगै उनको संसदीय सुनुवाइ रोकिएको थियो ।

## टोखा नगरपालिका साक्षर घोषणा



**काठमाडौं/मस-** काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखा नगरपालिका 'साक्षर नगरपालिका' घोषणा गरिएको छ । नगरपालिकाले आज यहाँ आयोजना गरेको भवन शिलान्यास कार्यक्रममा उपप्रधानमन्त्री ईश्वर पोखरेलको प्रमुख आतिथ्यतामा टोखालाई 'साक्षर नगरपालिका' घोषणा गरिएको हो ।

कार्यक्रममा उपप्रधानमन्त्री पोखरेलले निजी तथा सामुदायिक विद्यालयले सीपमूलक शिक्षालाई प्राथमिकता दिनुपर्ने उल्लेख गरे । सीपमूलक शिक्षा 'समृद्ध नेपाल, सुखी नेपाली'को मूल आधार बन्नसक्ने उनको भनाइ थियो । सोही क्षेत्रका सांसदसमेत रहेका उनले नगरपालिकाको भवन निर्माणसँगै छरिएको ठाउँबाट दिँदै आएको सेवा एकै ठाउँबाट दिने हुँदा सेवाग्राहीलाई सहज हुने बताए ।

'भवनको सही सदुपयोग गरी गुणस्तरीय सेवा र सेवाको स्तरलाई बढाउँदै लानुपर्छ,' रक्षामन्त्रीसमेत रहेका उनले भने । सेवामा पारदर्शी भएमात्र टोखाको विकास हुने उनको भनाइ थियो ।

नगर प्रमुख प्रकाश अधिकारीले भवन समयभित्र सक्नका लागि नगरपालिकाले काम गर्ने बताए । नगरपालिकाले साक्षर नगरपालिका घोषणाका लागि सामुदायिक सिकाइको अवधारणाअनुसार कक्षा सञ्चालन गरेको उनको भनाइ थियो ।

नगर उपप्रमुख ज्ञानमाया डङ्गोलले भ्याटबाहेक रु १२ करोड लगानीमा नगरपालिकाको भवन निर्माण गर्न लागेको जानकारी दिइन् । सात तलाको नयाँ बन्ने भवन डेढ वर्षमा सम्पन्न गरिसक्नुपर्नेछ । जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख शिवसुन्दर राजवैद्यले काठमाडौंमा रहेका ११ नगरपालिकामध्ये नौ नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरेको जानकारी दिए ।

नगरपालिका शिक्षा शाखाका प्रमुख बाबुराम गौतमले टोखा नगरपालिकाभित्र जम्मा ९२ विद्यालय रहेको बताए । कूल ११ वडा रहेको टोखामा १५ देखि ६० वर्ष उमेर समूहका ९८.५४ प्रतिशत जनसङ्ख्या साक्षर रहेको उनको भनाइ थियो । विसं २०६७ मा टोखामा साक्षरताको प्रतिशत जम्मा ७९ प्रतिशत रहेको थियो । सोही अवसरमा साक्षरता बनाउन महत्वपूर्ण भूमिका खेल्ने वैकल्पिक विद्यालयलाई प्रशंशापत्र प्रदान गरिएको थियो ।

## पारमाणविक विधेयक पारित



**काठमाडौं/मस-** राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको पारमाणविक विधेयक, २०७५ पारित गरेको छ ।

समितिको बुधबारको बैठकले प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रियसभामा पुगेको उक्त विधेयक समितिले दफाबार छलफलपछि पारित गरेको हो । समितिका सभापति परशुराम मेघी गुरुङले प्राविधिक विषय भएको हुनाले समितिमा गहन छलफल गरेर पारित गरेको जानकारी दिँदै बिहीबार सदनमा पेश गर्ने बताए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले विधेयकमाथि समितिमा भएको सहमतिमा मन्त्रालय सहमत रहेको र यससम्बन्धी कानून भएका कारणले धेरै काम रोकिएकाले अब सहज हुने बताए । मन्त्री पोखरेलले पारमाणविक विधेयक संवेदनशील भएको र यसलाई नियमन गर्न विज्ञता, विश्वविद्यालय, अन्तरमन्त्रालय र सुरक्षाको दृष्टिकोणले प्राधिकरण नै आवश्यक भए पनि आर्थिकभार कम गर्ने गरी मन्त्रालयको विभाग तहको संस्थागत संरचना रहने व्यवस्था गरिएको स्पष्ट पारे ।

विधेयकमा पारमाणविक वा रेडियोधर्मी पदार्थ र संयन्त्रसम्बन्धी क्रियाकलाप वा अभ्यास सञ्चालन गर्न इजाजतपत्र लिनुपर्ने, त्यसको नियमन र इजाजतपत्रमा भएका शर्तविपरीत काम गरेमा सजाय हुनेलगायतका व्यवस्था समेटिएको छ ।

## चप्पल उद्योगमा आगलागी : एक घाइते, लाखौंको क्षति



बाँके/मस- बाँकेको एक चप्पल कारखानामा आगलागी हुँदा एक जना गम्भीर घाइते भएका छन् । बाँकेको जानकी गाउँपालिका-३ इन्द्रपुरस्थित चप्पल उद्योग जयश्री सियाराम कारखानामा मंगलबार राति करिब १२ बजेबाट शुरु भएको आगलागीमा त्यहाँ कार्यरत कामदार दिलीपकुमार चमार गम्भीर घाइते भएका छन् । शरीरका अधिकांश भाग जलेको अवस्थामा उद्धार गरेर उनलाई उपचारका लागि भेरी अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

आगलागी बुधबार बिहान ८ बजेमात्रै पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिवबहादुर सिंहले जानकारी दिए । आगलागीबाट उद्योगको कच्चा पदार्थ र उत्पादित सबैजसो सामग्री नष्ट भएको छ । बाँके र बर्दियाका छ वटा दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेनाको निरन्तरताको प्रयासले आठ घण्टापछि मात्रै आगो नियन्त्रणमा आएको प्रहरी नायब उपरीक्षक सिंहले बताए ।

अमरजित सिंह र मनु केडियाले सञ्चालन गरेको उक्त उद्योगमा चप्पल, सरसफाइ ब्रस र पोछालगायतका सामग्री उत्पादन हुँदै आएको थियो । होली पर्वमा कामदार बिदामा रहेका कारण आगलागीबाट भएको क्षतिको यकिन विवरण आउन नसकेको उनको भनाइ छ । आगलागीबाट ८/१० करोड रुपैयाँ मूल्य बराबरका मालसामान जलेर नष्ट भएको सञ्चालक सिंहले दाबी छ । प्रहरीले क्षतिको यकिन विवरण संकलनको काम भइरहेको जनाएको छ ।

विद्युत्त लाइन सर्ट भएर आगलागी भएको हुनसक्ने अनुमान गरे पनि यसबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ ।

## सामूहिक बलात्कार घटनाका आरोपी सार्वजनिक



**महोत्तरी/मस-** जिल्ला प्रहरी कार्यालय महोत्तरीले दुई साता पहिलेको सामूहिक बलात्कार घटनाका आरोपितलाई पक्राउ गरी सार्वजनिक गरेको छ । मिथिला माध्यमिकी परिक्रमा जिल्ला सदरमुकाम जलेश्वर पुगेको दिन फागुन १५ गते राति परिक्रमा मेला हेर्न पुगेका दुई किशोरीलाई जबर्जस्ती बलात्कार गर्ने सातको समूहमध्ये चारलाई पक्राउ गरी प्रहरीले मङ्गलबार सार्वजनिक गरेको हो ।

प्रहरीले घटनामा संलग्न रहेको आरोपमा जलेश्वर नगरपालिका-६ का २६ वर्षीय खुशनुर अन्सारी, २४ वर्षीय राजु ठाकुर, ३४ वर्षीय सन्तोष ठाकुर र २५ वर्षीय कुमार प्रभातलाई पक्राउपछि जिल्ला प्रहरी कार्यालय महोत्तरी परिसरमै सार्वजनिक गरेको हो । परिक्रमाको पाँचौं दिन जलेश्वरमा परिक्रमा मेला हेर्न पुगेका जलेश्वर-६ कै १६ र १७ वर्षीया दुई युवतीलाई समातेर मुख थुन्दै एकान्तस्थलमा पुऱ्याएर सातले सामूहिक बलात्कार गरेका थिए । घटनामा संलग्न तीन अझै फरार रहेका र उनीहरुको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले जानकारी दिए ।

घटनापछि जलेश्वर अस्पताल पुऱ्याइएका दुवै किशोरी उपचारले सामान्य भएका प्रहरीले जनाएको छ । पक्राउ परेका चारैलाई महोत्तरी जिल्ला अदालतमा उपस्थित गराई थप अनुसन्धान बढाइएको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए ।

### गृहसचिवद्वारा प्रहरी अस्पतालको अनुगमन

# सेवा चुस्त बनाउन निर्देशन



**काठमाडौं/मस-** गृहसचिव महेश्वर न्यौपानेले नेपाल प्रहरी अस्पताल महाराजगञ्जबाट प्रवाह गर्ने सेवा चुस्त बनाउन निर्देशन दिएका छन् । अस्पतालको निरीक्षण पश्चात बुधबार आयोजित कार्यक्रममा गृहसचिव न्यौपानेले अस्पतालको भौतिक सुविधा बढाइ थप गुणस्तरीय सेवा प्रवाह गर्न सक्ने बनाउन मन्त्रलायकोतर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए ।

उनले स्वास्थ्यकर्मीको सेवा प्रवाह गर्ने शैली र व्यवहारले अस्पतालको गुणस्तरीयता देखाउने भएकाले यसप्रति स्वास्थ्यकर्मीहरु सचेत हुनुपर्ने बताए । प्रहरी अस्पताल सबै प्रहरी कर्मचारी र नागरिकको आशाको केन्द्र भएकाले यसबाट प्रवाह गर्ने सेवामा कुनै पनि विभेद् गर्न नहुनेमा उनको जोड थियो । अस्पतालमा प्रयोगशालाको गुणस्तरीयता बढाउने, बेड संख्या थप गर्ने, नर्सिङ कलेजको सञ्चालन गर्नेलगायत कार्यका लागि मन्त्रालयले आवश्यक सहयोग गर्ने गृहसचिव न्यौपानेले उल्लेख गरे ।

नेपाल प्रहरी अस्पातलस्थित रेडियोलोजी विभाग, मेडिकल वार्ड, पोष्टअप, डेण्टल विभाग, अर्थो वार्ड, स्त्री तथा प्रसुति वार्ड, सर्जिकल वार्ड, भिआइपी डिलक्स, ओपिडी, इमरजेन्सी, प्याथोलोजी, हेमोडायलासिस, आइसियु, प्रस्तावित कोरोना भाइरस क्वारेन्टाइन वार्ड, आइसोलेसन वार्डको निरीक्षण गरेका थिए ।

प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले प्रहरी कर्मचारीको आशाको केन्द्रको रुपमा रहेको अस्पतालको आधुनिकीकरण र आत्मनिर्भरता संगठनको उच्च प्राथमिकताको विषय भएको बताए । प्रहरी महनिरीक्षक ज्ञवालीले रोगको पहिचान र मानवीय संवेदनासँग जोडिएको विषय चिकित्सा सेवामा जोडिएर कर्तव्य पालना गर्न पाउनु कार्यरत प्रहरी कर्मचारीको अवसर भएकोले प्रहरी कर्मचारीहरुले सेवाभावको उत्कृष्टता प्रस्तुत गर्ने विश्वास व्यक्त गरे ।

## अब त्रिविको सेक्युरिटी फिचरसहितको ट्रान्सक्रिप्ट



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले अब विद्यार्थीलाई 'सेक्युरिटी फिचर' सहितको ट्रान्सक्रिप्ट उपलब्ध गराउने भएको छ । नक्कली रोक्न र सबैलाई एउटै किसिमको उपलब्ध गराउनका लागि सेक्युरिटी फिचरसहितको ट्रान्सक्रिप्ट त्रिविले उपलब्ध गराउने भएको हो । त्रिवि परीक्षा नियन्त्रण कार्यालय (पनिका) का परीक्षा नियन्त्रक पुष्पराज जोशीले त्रिवि प्राज्ञिक परिषद्बाट निर्णय गरी सो सम्बन्धी प्रक्रिया शुरु गरिएको जानकारी दिए ।

उनका अनुसार उक्त ट्रान्सक्रिप्ट सक्कली हो वा होइन भनेर जाँच गर्न पनि सकिने छ । त्यसको बीचमा छापसहितको सात प्रकारका विभिन्न फिचरको ढाँचा रहनेछ जसलाई 'गुलुची' भनिन्छ । त्यसैको आधारमा नै ट्रान्सक्रिप्ट सक्कली हो वा होइन भनेर पत्ता लगाइन्छ । 'अहिले बजारमा त्रिविकै नक्कली ट्रान्सक्रिप्ट बनाउने गरिएको छ', परीक्षा नियन्त्रक जोशीले भने, 'त्यसलाई रोक्न सेक्युरिटी फिचर भएको ल्याउन लागिएको हो ।' त्यो पानीमा पानीमा नभिज्ने र नच्यातिने हुनेछ ।

सबैलाई एउटै किसिमको दिइने ति ट्रान्सक्रिप्टको बाहिरी गाता भने पाँच किसिमका हुनेछन् । अहिले वितरण हुने ट्रान्सक्रिप्ट समान छैनन् । अन्य संकायभन्दा चिकित्सा र इञ्जिनीयरिङ विषयका भने फरक-फरक ट्रान्सक्रिप्ट छन् । सबैलाई समान खालको दिन सेक्युरिटी फिचरसहितको ट्रान्सक्रिप्ट दिन लागिएको हो ।

परीक्षा नियन्त्रक जोशीले विसं २०७७ बाट परीक्षा दिने विद्यार्थीलाई उक्त ट्रान्सक्रिप्ट वितरण गरिने जानकारी दिए । 'त्यसको ढाँचा तयारी गरिएको छ,' उनले भने, 'अब केही दिनमा बोलपत्र आह्वान गर्ने तयारीमा छौं ।' ट्रान्सक्रिप्टमा सम्बन्धित विद्यार्थीको फोटो हुन्छ । विसं २०१६ मा स्थापित त्रिविले विसं २०५४ बाट मात्र छापेर ट्रान्सक्रिप्ट दिन थालेको हो । नयाँ ट्रान्सक्रिप्टलाई हालको भन्दा बढी शुल्क तिर्नुपर्ने हुन्छ । वाक्लो गाता (फोल्डर) मा प्रोभिजनल सटिर्फिकेटसहित दिइने उक्त ट्रान्सक्रिप्ट अहिलेको भन्दा पाँच गुणा बढी शुल्क लाग्ने परीक्षा नियन्त्रक जोशीले बताए ।

पनिकाले तह अनुसारका रातो, हरियो, निलो, खैरो र बैजनी रङ्का पाँच प्रकारका फोल्डरभित्र ट्रान्सक्रिप्ट र प्रोभिजनल सर्टिफिकेट राखेर दिनेछ । उनका अनुसार प्रविणता प्रमाणपत्र तहको लागि रु दुई हजार, स्नातकको रु दुई हजार २००, स्नातकोत्तर तह र एमफिललाई रु दुई हजार ५०० र विद्यावारिधीका लागि रु तीन हजार तोकिएको छ । अहिले त्रिविले स्नातक तहलाई रु ४५० र स्नातकोत्तर तहलाई रु ५०० शुल्क लिँदै आएको छ ।

यसैगरी त्रिविले चैत १५ गतेदेखि अब सबै संकायका ट्रान्सक्रिप्ट २४ घण्टाभित्र उपलब्ध गराउने भएको छ । परीक्षा नियन्त्रण कार्यालयले अब सबै संकायको फाराम भरेको २४ घण्टाभित्र विद्यार्थीलाई ट्रान्सक्रिप्ट उपलब्ध गराउने भएको परीक्षा नियन्त्रक जोशीले बताए । त्रिविले विसं २०७५ बाट त्रिवि परीक्षा व्यवस्थापन सूचना प्रणाली लागू गरेर मानविकी र शिक्षाशास्त्र संकायको ट्रान्सक्रिप्ट दिँदै आएको छ ।

## एकै दिन २७४ मोटरसाइकल प्रहरी नियन्त्रणमा

**सिरहा/मस-** ट्राफिक नियम उल्लंघन गरी चलाएको भन्दै सिरहाका विभिन्न स्थानबाट प्रहरीले एकै दिन २७४ मोटरसाइकल नियन्त्रणमा लिएको छ । होलीपर्वका बेला मादक पदार्थ सेवन गरी चलाएको, तीनभन्दा बढी व्यक्ति चढेको र हेलमेट नलगाई चलाएको भन्दै प्रहरीले मंगलबार एकै दिन २७४ मोटरसाइकल नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय लहान, इलाका प्रहरी कार्यालय मिर्चैया, इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले ट्राफिक नियम उल्लंघन गरी चलाउने मोटरसाइकललाई नियन्त्रणमा लिएको जनाइएको छ । पक्राउ परेका सबै सवारी साधनलाई जरिवाना तिराएर छाडिने प्रहरीको भनाइ छ ।

यस्तै होलीमा विभिन्न विषयलाई लिएर मादक पदार्थ झैझगडा गर्ने, जबर्जस्ती रङ दल्ने, महिलामाथि दुर्व्यवहार गर्ने छ जनालाई पक्राउ गरी आवश्यक कारवाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

लागुऔषधसहित एक युवक पक्राउ

प्रहरीको टोलीले प्रतिबन्धित लागुऔषधसहित सिरहा नगरपालिका-१२ राधाकृष्ण मन्दिर छेउबाट एक युवकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले लागुऔषधसहित सिरहाको कल्याणपुर नगरपालिका-६ निवासी २७ वर्षीय मोहमद मुम्ताजलाई पक्राउ गरेको हो । पक्राउ परेका मुम्ताजको साथबाट नाइट्राजेपान आठ थान, नाइट्राभेट ४५ थान बरामद भएको प्रहरीले जनाएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# संवेदनशीलताको उपहास

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को जनवर्गीय संगठन राष्ट्रिय युवा संघले मंगलबार दिउँसो स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाललाई ज्ञापनपत्र बुझायो । संसारभर प्रकोपको रूप लिएको कोरोनाभाइरसबारे आवश्यक पहलकदमी लिइनुपर्ने विषय ज्ञापनपत्रमा समेटिएको थियो । सत्तारूढकै जनवर्गीय संगठन भएकाले मन्त्रीलाई सहयोग पुग्नेगरी नै ज्ञापनपत्र बुझाइएको बुझ्न कठिन पर्दैन । तर, यसको सन्देश भने गलत प्रचार भयो । ज्ञापनपत्र बुझाइएकोमा भन्दा पनि ज्ञापनपत्र बुझ्दै मन्त्रीले दिएको अभिव्यक्तिका कारण गलत सन्देश प्रवाह भएको हो ।

हुन पनि मन्त्री ढकालको अभिव्यक्ति नै गैरजिम्मेवार र असंवेदनशील थियो । त्यसैले मन्त्रीको अभिव्यक्ति आलोचित भयो । मन्त्री ढकालले विभिन्न देशबाट स्वदेश फर्किएका नेपालीलाई सरकारले क्वारेन्टाइनमा नराख्ने बताएका थिए । नागरिक स्वयम् क्वारेन्टाइनमा बस्नुपर्ने मन्त्री ढकालको आसय थियो । निकै लामो दबावपछि यसअघि चीनबाट फर्काइएका १७५ नेपाली उद्धार गरी १४ दिनसम्म भक्तपुरको क्वारेन्टाइनमा राखिएको थियो । चीनमा रहेका नागरिकलाई जसरी क्वारेन्टाइनमा राखियो, त्यसैगरी क्वारेन्टाइनमा अन्य देशबाट आउनेलाई राख्न नसकिने मन्त्री ढकालको अभिव्यक्ति थियो । मन्त्रीले बोलेका कुरा राष्ट्रिय युवा संघकै नेताहरूले सार्वजनिक गरेका थिए । युवा संघकै नेताहरूलाई पनि आफ्नो संगठनले बुझाएको ज्ञापनपत्रबारे मन्त्रीले दिएको अभिव्यक्ति विवादित बन्ने सोचेका थिएनन् होला । तर, विवादित बनिदियो । मन्त्रीको अभिव्यक्ति विवादित हुनु स्वभाविक नै थियो । किनभने, नागरिक संकटमा परेका बेला आशा गर्ने सरकारबाटै हो । सामान्य अवस्थामा नागरिकले सरकारबाट धेरै ठूलो आशा राखेका हुँदैनन् । तर, प्राकृतिक प्रकोप जस्ता ठूला घटना आइलागेका बेला नागरिकले सरकारबाट आशा राख्छन् । यस्तो बेला सरकारले उचित न्यायको अनुभूति नागरिकमा दिलाउन सक्नुपर्छ । यसो त न नेपाल फर्किएका सबैलाई क्वारेन्टाइनमा राख्नुपर्ने हो, न भाइरस संक्रमणको आशंका गरिएका सबैलाई नै क्वारेन्टाइनमा राख्नुपर्ने हो । क्वारेन्टाइनमा कसलाई राख्ने भन्नेबारे समेत विश्व स्वास्थ्य संगठनको मार्गनिर्देशन छ । जिम्मेवार ओहोदामा बसेकाले स्थितिलाई सहजीकरण गरिदिने हो न कि तर्साउने ।

चीन, अमेरिका, इटाली जस्ता विकसित देशको तुलनामा नेपालले आवश्यक राहत नागरिकमा दिन नसक्ला, तर तिम्रा लागि सरकार छ भन्ने आत्मविश्वास दिलाउनुपर्ने हुन्छ । मन्त्री ढकालको अभिव्यक्तिले नागरिकमा आत्मविश्वास होइन, निराशा भर्नेछ । त्यसैले मन्त्रीको आलोचना तीव्र हुन पुग्यो ।

विश्वका १२० मुलुकमा फैलिसकेको कोरोना भाइरसबाट चार हजार हाराहारीमा मृत्यु भइसकेको छ भने सवा लाख संक्रमित देखिएका छन् । नेपाललाई विश्व स्वास्थ्य संगठनले उच्च जोखिम रहेको मुलुकको रूपमा लिएको छ । अतः यस्तो अवस्थामा मुलुकका कार्यकारी अंगमा रहेकाहरूले बोल्दा नागरिक भावनाको सम्मान गरिनुपर्छ । सरकारी अधिकारहीबाट थोरै पनि नागरिकको भावनामा ठेस् पुग्ने अभिव्यक्ति दिनुले सरकारकै उत्तरदायित्व, जिम्मेवारीपन र संवेदनशीलता माथि गम्भीर प्रश्न उठ्नेछ ।

## सामाजिक सञ्जाल



यहाँ डेटा हैन भ्रम बिक्छ, त्यो पनि साइबर फार्ममा उत्पादित ! १३ जनवरी २०२० मा नेपालमा पहिलो र एकमात्र कोरोना भाइरस पोजिटिभ बिरामी फेला परेको हो । त्यसपछिको २ महिना व्यतीत भई सक्दा पनि थप केस भेटिएको छैन । सावधानी अपनाउन चुक्नु हुँदैन तर कोलाहाल मचाई हाल्नु पर्ने अवस्था छैन ।

**- नीराजन शर्मा**




मलाई चैँ सातसालको क्रान्तिबाहेक प्लेन हाइज्याक, झापा विद्रोह, माओवादी हिंसा र अहिलेका विप्लवका बम सबै आतंकारी घटना नै लाग्छन् अनि आतंकारीलाई सहजै माफ गर्न सक्ने 'दयालु' राज्य र 'क्षमाशील' जनता हुनाले यस्ता दूस्साहस सदा प्रोत्साहित भइरहने भो। आतंकारीलाई सजाय दिने गरौँ न हउ !

**- रामेश**



पञ्जिकाधिकारी बन्न नपाएको झोकमा कुनै एटेन्सनसिकरले ट्वीटरमा आएर खाँबो चिथोर्नु र आफू बाहेक सबैलाई (शिक्षण अस्पताल नेफ्रोलोजी विभाग प्रमुख)लाई समेत औंठाछाप देख्नु मलाई चाहिँ अनौठो लाग्दैन । जसरी, गोरू नाङ्गै हिड्दा ताजुब लाग्दैन । पुनश्च:बायोमेट्रीकको कुरा डा सिंहले बोलेको,मैले होइन ।

**- मात्रिका पौडेल**



क्वारेन्टाइनमा राख्न सक्दैनन् । मूल्यवृद्धि रोक्न सक्दैनन्।बजारभाउ नियन्त्रण गर्न सक्दैनन् । कालोबजारी नहुन दिन सक्दैनन् । बिचौलियालाई कारबाहीको दायरामा ल्याउन सक्दैनन् । सरकारको आभाष दिलाउन सक्दैनन् । के सक्छन् ? उत्तर सपाट छ– भ्रष्टाचार, दलाली, घूसखोरी र कमिसनको मिसन चलाउन !

**- अक्षर काका**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# आर्थिक विकासका बाधकहरू



■ खेमराज निरौला

> हामीकहाँ नेता भएपछि मैले सधैं सरकारी सम्पत्तिमै रजाइँ गरिरहन पाउनुपर्छ भन्ने खराब आचरणको संस्कृतिले जरा गाडेको छ । सामान्यभन्दा सामान्य रोगको उपचारमा पनि राज्यकोषको करोडौं खर्च गरेर विदेशका महँगा अस्पतालमा उपचार गर्न जानुपर्ने प्रवृत्ति, विकास र समृद्धिको बाधकका रूपमा रहेको छ ।

नेपालमा आर्थिक विकास र समृद्धिको बहस कुनै नयाँ विषय होइन । १-सय ४ वर्षको जहानियाँ राणा शासनको अन्त्यसँगै २०१३ सालदेखि सुरु भएको योजनाबद्ध विकासको प्रयाससँगै आर्थिक विकासको बहसले थप तीव्रता पाउँदै आयो । नेपालसँगै विकास र समृद्धिको सुरुवात गरेका भारत, चीन, कोरियालगायतका देशहरू विश्व अर्थतन्त्रमा उदीयमान शक्तिका रूपमा अघि बढेका छन् । तर, नेपाल भने आर्थिक विकासको नारामा मात्रै सीमित रहेको अवस्था छ ।

विकास र समृद्धिलाई राजनीतिक स्थायित्वसँग जोडेर पनि हेर्ने गरिन्छ । राजनीतिक स्थायित्वबिना विकास र समृद्धि सम्भव हुँदैन । विगतका राजनीतिक अस्थिरतालाई विकास र समृद्धिको प्रमुख बाधकका रूपमा बुझिँदै अहिलेको अवस्थासम्म आइपुगेको छ, कहिले राणाशासनलाई विकास र समृद्धिको बाधक ठानियो त कहिले शाहवंशीय राजतन्त्रलाई । यी दुवै खाले शासनशैली समाप्त भई मुलुकमा गणतन्त्र स्थापना भई लोकतान्त्रिक शासन पद्धतिमार्फत् समावेशिताको सिद्धान्तअनुरूपको विकास र समृद्धिको यात्रा तय भएको छ ।

संविधान सभाबाट नेपालको संविधान, २०७२ जारी गरियो । यो संविधानको मुख्य लक्ष्य भनेकै दिगो शान्ति, सुशासन, विकास र समृद्धिमार्फत मुलुकलाई समाजवाद उन्मुख राष्ट्रका रूपमा स्थापित गराउने रहेको छ । यही संविधानले परिकल्पना गरेमुताबिक राज्य पुनर्संरचना भई अहिले मुलुकमा तीन तहका सरकारहरू पाँच वर्षको मतादेशसहित क्रियाशील छन् । यसलाई स्थिर र दिगो सरकारको उपनामले चिनिन्छ । बलियो र स्थिर सरकारबाट जनताले विभिन्न आशा-अपेक्षा राख्नु स्वाभाविक पनि हो । जनतामा विकास र समृद्धिको सपना बाँडेर सत्तामा पुगेको वर्तमान सरकारसँग जनता भने सन्तुष्ट देखिँदैनन् । सरकारको कार्यशैली जनतामा सकारात्मक सन्देश प्रवाह गराउन प्रभावकारी देखिँदैन । हाम्रा समकालीन मुलुकहरू आश्चार्यजनक आविष्कार गर्दै विश्वलाई चकित बनाइरहेका छन् भने हामी भने भर्खर शौचालय, बाटो, सडक, पुल बनाउँदैछौं । अब सोचौं, हामी विकास र समृद्धिको यात्रामा कहाँ छौं ? आर्थिक विकासका प्रचुर सम्भावना हुँदाहुँदै पनि बेरोजगारी, गरिबी, अशिक्षा, रोग कुपोषण, प्राकृतिक विपद्जस्ता विविध समस्याबाट यहाँको आर्थिक तथा सामाजिक जीवन ग्रस्त छ । कृषि, उद्योग, वाणिज्य, पर्यटन, वैदेशिक रोजगार, मानव संसाधनजस्ता आर्थिक विकासका प्रमुख पक्षहरूसमेत विभिन्न समस्या र चुनौतीका बीच रुमल्लिएका छन् ।

मुलुकको अधिकांश भूक्षेत्र पहाडी र हिमाली भूधरातलले ओगटेको हुनाले सो क्षेत्रको विकासका पूर्वाधारहरूको निर्माण र संरक्षण तथा अत्याधुनिक प्रविधिको प्रयोगलाई कठिन बनाएको छ । समाजमा व्याप्त पुरातन संस्कृति र युगौंदेखि जरा गाडेको अन्धविश्वासले यहाँको आमबासिन्दालाई आधुनिक सोच नवप्रवर्तन र आधुनिकतालाई सहज र सरल तरिकाले आत्मसात् गर्ने वातावरण उपलब्ध गराउन सकेको छैन । नेपालमा विभिन्न कालखण्डमा विभिन्न प्रकारका विकासका मोडलहरूको परीक्षण गरिँदै आएको भए पनि आर्थिक विकासका उपयुक्त मोडल के हुन सक्छन् भन्ने विषयमा यथेष्ट अध्ययन भए/गरेको पाइँदैन ।

आर्थिक विकासका लागि आवश्यक साधन-स्रोतहरूका लागि परनिर्भरता हट्न सकेको छैन । दातृ समुदायबाट थपिने जटिल सर्तहरू पूरा गर्न प्रायः हम्मे परिरहन्छ । गरिबी र अशिक्षाको दुष्चक्र युगौंदेखि मुलुकमा कायम छ । यस दुष्चक्रले आर्थिक विकासमा नकारात्मक प्रभाव पारिरहेको छ । महत्वाकांक्षी विकास योजनाहरूको तर्जुमा गर्ने र सोअनुरूप कार्यान्वयन क्षमता अभिवृद्धि गर्न नसक्ने प्रवृत्तिबाट मुलुक मुक्त हुन सकिरहेको छैन । अर्कातर्फ लगानीमैत्री वातावरण सिर्जना गर्न नसक्नु पनि आर्थिक विकासका मार्गमा विद्यमान एक समस्या हो । यस परिस्थितिमा पूर्वाधारका संरचनाहरू निर्माण गर्न गाह्रो भइरहेको अवस्था छ । मस्तिष्क, पाखुरा र पुँजी पलायन हुने प्रवृत्तिले आर्थिक विकासलाई थप चुनौतीपूर्ण बनाएको तर्फ बेलैमा सजग भएर लाग्न सकिएन भने समस्या झन् भयंकर बढ्न सक्ने खतरा पनि त्यत्तिकै छ ।

विकासको दीर्घकालीन नीति र विकासका प्राथमिकता तय हुन नसक्दा मुलुकले अपेक्षाकृत आर्थिक प्रगति गर्न नसकेको यथार्थता सबैसामु छर्लङ्ग छ । देशको विकासको दीर्घकालीन सोचका बारेमा न राजनीतिक तहमा घनिभूत छलफल हुन्छ, न त देशका बौद्धिक वर्गले नै सरकारलाई दबाब दिन सकेका छन् । संविधानले त समाजवादउन्मुख राज्यको निर्माण गर्ने परिकल्पना गरेको छ, तर के-के कुरा पूरा भएमा मुलुक समाजवाददतिर लम्कनेछ भन्ने विषयमा स्पष्ट छैन । चुनावताका विकास र समृद्धिका ठूलाठूला मोडलहरू चर्चामा ल्याइए तापनि ती पूरा गर्न पुँजी र प्रविधि कहाँबाट ल्याउने र कसरी परिचालन गर्ने हो भन्ने विषयले चुनाव सकिएपछि कहिल्यै चर्चा पाउँदैन ।

मुलुकलाई १० वा २० वर्षभित्रमा कहाँ पुर्‍याउने र कुन स्तरसम्मको विकास गर्ने भन्ने विषयमा गहन छलफल हुन सकेको छैन । मुलुकमा नेता छैनन् भनौं भने एकसे एक छन् । भाषण र तर्क-वितर्कमा खरो उत्रिने नेता पनि छन् तर भिजन भएको नेतृत्वको अभावले मुलुक यथास्थितिबाट अघि बढ्न अझै धेरै समय कुर्नुपर्ने देखिन्छ । हामीकहाँ नेता भएपछि मैले सधैं सरकारी सम्पत्तिमै रजाइँ गरिरहन पाउनुपर्छ भन्ने खराब आचरणको संस्कृतिले जरा गाडेको छ । सामान्यभन्दा सामान्य रोगको उपचारमा पनि राज्यकोषको करोडौं खर्च गरेर विदेशका महँगा अस्पतालमा उपचार गर्न जानुपर्ने प्रवृत्ति, विकास र समृद्धिको बाधकका रूपमा रहेको छ । कुनै दलविशेषको नेता भएमा जे पनि गर्न छुट हुन्छ भन्ने अराजक प्रवृत्तिले देशले भिजन भएको, सच्चा देशभक्त राजनेता अहिलेसम्म पाउन सकेको छैन ।

हाम्रा कानुन नीति, नियम, ऐन विनियमहरूले निर्माण प्रक्रियालाई बढी प्रकृयामुखी बनाइदिएको छ । परिणामभन्दा पनि प्रक्रियालाई बढी महत्व दिँदा अपेक्षित उपलब्धि हासिल हुन नसकिरहेको अवस्था छ । कानुनी प्रक्रियालाई सहज र सरल पारेर नतिजामुखी भएर नलाग्दासम्म विकासको पुरानै रोगले हामीहरूलाई छोड्नेवाला छैन । कानुनी र प्रक्रियागत झमेलालाई जतिसक्दो चाँडो फुकाएर कामलाई प्राथमिकता दिने संस्कृतिको थालनी गर्ने हो भने प्रगति असम्भव भने छैन । विकासका लागि मानवीय पुँजीको सर्वोपरि महत्व रहन्छ । विकास र समृद्धि भनेको पनि मानवकै लागि हो र विकासको वाहक पनि मानव नै हो । तर, त्यही मानवीय पुँजीको कुशल व्यवस्थापन हुन सकिरहेको छैन ।

